"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"

# मोलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा
स्था:२०७३

कोशी प्रदेश, नेपाल

मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्राप्चा, ओखलढुंगा कोशी, प्रदेश स्था : २०७३

प.स.२०७९/०८०
सू.नं. ४६

## राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०७९/१२/२३)

प्रस्तुत विषयमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय बाट राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमको लागि अति विपन्न तथा पिछडीएका समुदाय जिविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रमको लागि दर्ता भएका समुह/संस्थाहरुले कृषि तथा पशु पालन क्षेत्र, पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी अनुसूची २ बमोजिमको ढाँचामा तयार पारी निम्न विवरणहरु खुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यसकार्यालयको महिला तथा बालबालिका शाखामा प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। रित पुर्वक पेश नभएका र समय भित्र पेश हुन नआएका प्रस्तावना उपर कुनै कारवाही हुने छैन।

**सञ्चालन गर्ने कार्यक्रम:**

| क्र.स. | कार्यक्रम | लक्षित समुह | लक्ष्य | अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्षित समुहलाई सीप तथा व्यवसायिक तालिम | उद्यमी महिला /उद्यमी समूह | २५ जना | ५ दिन | |

**प्रस्तावनामा संलग्न गर्पर्ने विषयहरु:**

१. संस्था/समुहको विधान, परिचय, उद्देश्य कार्यक्रम सञ्चान प्रक्रिया तथा वित्तिय स्रोतको विवरण।
२. प्रस्तावित व्यवसायको अवधारणापत्र व्यवसायको क्षेत्र, तालिम, अवधि स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण।
३. प्रचलित कानुन वमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
४. अघिल्लो आर्थिक वर्षको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
५. अघिल्ले आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन।
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकाय बाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण।
७. कालो सूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वघोषणा।
८. प्रस्तावना दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा शसक्तीकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना सहित प्रस्तावना पेश गर्नु पर्ने छ।
९. प्रस्ताव गाउँपिकाको स्वीकृत मापदण्ड अनुसार हुनुपर्ने छ।

सन्तोष गौतम
प्रशासकीय अधिकृत

सन्तोष गौतम
प्रशासकीय अधिकृत

Phone:9852840501,Website:www.molungmun.gov.np,Email: molungrm@gmail.com

CamScanner